स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाह अभिनित चलचित्र "आबाट आमा २" चलचित्रको चर्चा बढेको छ। दसैंको अवसर पारेर असोज ३० गतेबाट प्रदर्शनमा आएको यो फिल्मले राम्रो बजार तताएको छ। चन्द्र पन्तको निर्देशनमा बनेको फिल्मको टिजरले आमाको महत्वलाई दर्शाएको छ। विपना थापा र पल शाहलाई आमा-छोराको रूपमा प्रस्तुत गर्दै आमा जीवित हुँदै माया गर्नुपर्छ भन्ने सन्देश टिजरले दिएको छ।

आजको विचार...



किसानको...
(दुई पेजमा)

सन्दिप पराजुली

अभिनेता शुवन केसीको निर्देशन रहेको फिल्म "बाह्रौं जून" कार्तिक २६ गतेबाट प्रदर्शनमा आएको छ। यसअघि फिल्मलाई दसैंमा रिलिज गर्ने भनिए पछि प्रदर्शन मिति तिहारपछि पुन्चाइएको थियो। फिल्मको सार्वजनिक पोस्टरमा अनमोल केसी र प्रिन्सी खतिवडा प्रेमिल मुद्रामा देखिएका छन्। अनमोलको लुक्सले ५० को दशकको झल्को दिन्छ।



❐ वर्ष ३२ ❐ अंक ११२ ❐ २०८३ मंसिर ३ गते बिहीबार 19 November 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

रुसी आक्रमणमा चार जनाको मृत्यु

रासस

ओडेसा, मंसिर २/युक्रेनको दक्षिणी सहर ओडेसाको ऐतिहासिक केन्द्रमा बुधबार रुसले गरेको हवाई आक्रमणमा परी कम्तीमा चार जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् । युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत ओडेसाको ऐतिहासिक केन्द्रमा रुसी सेनाले तीन पटक हवाई हमला गरेको क्षेत्रीय गभर्नर ओलेग किपरले टेलिग्राममार्फत जानकारी दिएका छन् । उनका अनुसार आक्रमणबाट भएको क्षतिको विवरण संकलन भइरहेको छ । युद्ध सुरु भएयता रुसी सेनाले यहाँका बन्दरगाह पूर्वाधार र मालवाहक पानीजहाजलाई लक्षित गरी निरन्तर आक्रमण गर्दै आएको छ ।रुसले युक्रेनको समुद्री मार्गबाट हुने कृषि उत्पादन निर्यातलाई कमजोर बनाउने उद्देश्यले दक्षिणी बन्दरगाहमा आक्रमण गर्दै आएको बताइएको छ ।यसैबीच, युक्रेनले पनि रुसी आक्रमणको जवाफमा प्रत्याक्रमण तीव्र बनाएको छ । पछिल्लो समय युक्रेनी आक्रमणबाट रुसलाई क्रिमिया प्रायद्वीपसँग जोड्ने महत्वपूर्ण पुलमा क्षति पुगेको थियो ।युक्रेनका रक्षामन्त्री येभगेनी खमाराले रुसी आक्रमणको जवाफ दस गुणा शक्तिशाली हुने चेतावनी दिएका छन् ।


आन्तरिक पर्यटकको रोजाइ बन्दै रेसुङ्गा पार्क

४० हजारभन्दा बढीले गरे अवलोकन

राष्ट्रिय समाचार समिति

गुल्मी, मंसिर २/ हरियाली जंगल, शान्त वातावरण र मनोरम प्राकृतिक दृश्यका कारण रेसुङ्गा पार्क आन्तरिक पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको छ । रेसुङ्गाको गर्जुरा क्षेत्रमा पार्क निर्माण भएपछि गुल्मीमा पर्यटकको चहलपहल ह्वात्तै बढेको हो ।

सदरमुकाम तम्घासदेखि करिब तीन किलोमिटर दूरीमा रहेको पार्कसम्म पुग्ने सडक कालोपत्र भएपछि आवागमन निकै सहज भएको छ । सार्वजनिक बिदाका दिन परिवारसहित घुम्न र वनभोज खान आउने पर्यटकको यहाँ घुईंचो लाग्ने गरेको छ । बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मका लागि उपयुक्त गन्तव्य बनेको पार्क युवापुस्ताका लागि तस्बिर तथा भिडियो खिच्ने र सामाजिक सञ्जालमा सामग्री राख्ने आकर्षक स्थलसमेत बनेको छ ।गुल्मी घर भई रोजगारी तथा अध्ययनका सिलसिलामा विदेशमा रहेका नेपाली पनि बिदामा घर फर्किंएका बेला पार्क पुग्ने गरेका छन् । रेसुङ्गा नगरपालिका-१, तम्घास घर भई हाल फिनल्यान्डमा बस्दै आएका मिलन खराल पार्क निर्माणपछि पहिलो पटक



घुम्न आएको बताउँछन् । सामाजिक सञ्जालमा पार्कका तस्बिर र भिडियो देखेर आकर्षित भएको उल्लेख गर्दै उनले प्रत्यक्ष अवलोकन गर्दा यहाँको संरचना र प्राकृतिक वातावरण निकै राम्रो लागेको बताए ।

त्यसैगरी, मुसिकोट नगरपालिका-५ घर भई हाल लन्डनमा रहेका फणीन्द्र भट्टराईले पनि घर बिदामा आएका बेला पार्क घुम्न पाउँदा खुसी लागेको बताए । पार्कका संरचना र हरियाली वातावरणले आफूलाई आकर्षित गरेको उनको भनाइ छ । मुसिकोट नगरपालिका-३ घर भई हाल हङकङमा रहेकी शान्ति केसीले पनि गाउँ फर्किंएका बेला पहिलो पटक पार्क घुमेको बताइन् । जन्मथलोमा सुन्दर पर्यटकीय पूर्वाधार निर्माण भएको देख्दा खुसी लागेको उल्लेख गर्दै उनले पार्कमा प्रकृतिसँग रमाउँदै तस्बिर तथा भिडियो खिचेको अनुभव सुनाइन् ।संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र रेसुङ्गा नगरपालिकाको साझेदारीमा छ करोड रुपैयाँभन्दा बढी लगानीमा पार्क निर्माण गरिएको हो । निर्माण सम्पन्न भएको छोटो समयमै पार्कले पर्यटक आकर्षित गर्न थालेको नगरपालिकाले जनाएको छ । नगरपालिकाका अनुसार हालसम्म ४० हजारभन्दा बढीले पार्कको अवलोकन गरिसकेका छन् । प्रवेश शुल्कबाट करिब १५ लाख रुपैयाँ राजस्व संकलन भएको छ ।नगरपालिकाले पार्क प्रवेशका लागि टिकट प्रणाली लागू गरेको छ । सर्वसाधारणका लागि ५० रुपैयाँ, ज्येष्ठ नागरिक, विद्यार्थी तथा बालबालिकाका लागि २५ रुपैयाँ र विदेशी नागरिकका लागि १०० रुपैयाँ शुल्क निर्धारण गरिएको छ । पार्कमा भ्यूटावर, पिङ, वनभोजस्थल, फोटो खिच्ने स्थान, बालबालिकाका लागि खेल क्षेत्र, पोखरी र पुललगायत संरचना निर्माण गरिएका छन् ।रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले पार्क निर्माणले जिल्लाको पर्यटन प्रवर्द्धनमा नयाँ आयाम थपेको बताए । रेसुङ्गा क्षेत्रको धार्मिक, ऐतिहासिक तथा प्राकृतिक महत्व उजागर गरी पर्यटक आकर्षित गर्ने उद्देश्यले पार्क निर्माण गरिएको उनको भनाइ छ । पार्कले पर्यटकीय गतिविधि बढाउनुका साथै स्थानीय अर्थतन्त्र चलायमान बनाउन सहयोग पुऱ्याएको प्रमुख पन्थीले बताए ।नगरपालिकाले रेसुङ्गा क्षेत्रमा थप पर्यटन पूर्वाधार निर्माणलाई पनि निरन्तरता दिएको छ । पर्यटन प्रवर्द्धनका लागि एक करोड रुपैयाँभन्दा बढी लगानीमा रेसुङ्गाको नुनामारेदेखि पार्कसम्म जिपलाइन र स्काई साइकलिङजस्ता साहसिक तथा मनोरञ्जनात्मक पूर्वाधार निर्माण गरिएको छ । धार्मिक, ऐतिहासिक र प्राकृतिक महत्व बोकेको रेसुङ्गा क्षेत्रमा थपिँदै गएका पूर्वाधारले गुल्मीको पर्यटन विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।-*रासस*

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

-इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,

-सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,

-सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,

-भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

आज विश्व शौचालय दिवस मनाइदैं

पाल्पा, मंसिर २/ आज विश्व शौचालय दिवस । विश्वमा हरेक वर्ष १९ नोभेम्बरमा शौचालय दिवस मनाइन्छ । नेपालमा पनि विभिन्न कार्यक्रम गरी शौचालय दिवस मनाइँदै छ । शौचालय र यसको महत्व सबैसामु फैलाउने उद्देश्यले शौचालय दिवस मनाउने गरिन्छ ।संयुक्त राष्ट्र संघले १९ नोभेम्बरलाई विश्व शौचालय दिवसको रुपमा मनाउँदै आएको छ ।



विश्वका सबै नागरिकहरुलाई सुरक्षित शौचालयको पहुँचमा पुऱ्याउने तथा विश्वमा स्वास्थ्य र सरसफाईको स्तर कायम गरी मानव जीवन सुरक्षित बनाउने उद्देश्यले विश्व शौचालय दिवस मनाउन थालिएको हो । संयुक्त राष्ट्र संघले सन् २०१३ देखि औपचारिक रुपमा १९ नोभेम्बरलाई विश्व शौचालय दिवसको मनाउन थालेको हो । शौचालय मानव स्वास्थ्य, सरसफाइ र वातावरण संरक्षणसँग प्रत्यक्ष जोडिएको आधारभूत आवश्यकता हो । सुरक्षित शौचालयको अभावमा खुला दिसापिसाब गर्नुपर्ने अवस्था सिर्जना हुँदा विभिन्न सरुवा रोग फैलिने, खानेपानीका स्रोत दूषित हुने र वातावरणीय प्रदूषण बढ्ने जोखिम रहन्छ । त्यसैले शौचालयको उपलब्धता मात्र नभई यसको सरसफाइ, सुरक्षित प्रयोग, नियमित मर्मतसम्भार र दिसाजन्य फोहोरको उचित व्यवस्थापन पनि उत्तिकै आवश्यक मानिन्छ । संयुक्त राष्ट्रसंघका अनुसार विश्वभर करिब तीन अर्ब ४० करोड मानिस अझै सुरक्षित सरसफाइ सेवाबाट वञ्चित छन् । शौचालयको अभाव वा असुरक्षित प्रयोगको असर महिला तथा बालिकामा बढी पर्ने गरेको छ । विशेषगरी विद्यालय, सार्वजनिक स्थल, स्वास्थ्य संस्था र कार्यस्थलमा सुरक्षित तथा सुविधायुक्त शौचालय नहुँदा उनीहरूको शिक्षा, स्वास्थ्य, सुरक्षा र सामाजिक सहभागितामा समेत असर पर्ने गरेको छ ।

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

स्वच्छ शौचालय सबैको अधिकार

प्रत्येक वर्ष १५ नोभेम्बरमा सरसफाइका लागि शौचालयको महत्वबारे जागरुक गराउन विश्व शौचालय दिवस मनाउने गरिन्छ । यस वर्षको दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । खासगरी आजको दिनलाई सुरक्षित सरसफाइको व्यवस्था नभएको समुदाय र ठाउँलाई लक्षित गरी विभिन्न कार्यक्रम गर्ने गरिन्छ । शौचालयको सरसफाइ कायम राख्नुको अर्थ विभिन्न संक्रमणबाट बच्नु हो । किनभने धेरै रोगजन्य कीटाणु शौचालय सिट,फ्लसिङ बटन र वरपर रहेका वस्तुमा रहने गर्छन् । शौचालय मानव स्वास्थ्य, स्वच्छता, मर्यादा र वातावरणीय सुरक्षासँग प्रत्यक्ष जोडिएको आधारभूत आवश्यकता हो । तर अझै पनि विश्वका धेरै मानिस सुरक्षित र स्वच्छ शौचालयको पहुँचबाट वञ्चित छन् । यो अवस्था सभ्य र विकसित समाज निर्माणका लागि गम्भीर चुनौती हो ।

शौचालयलाई सामान्य भौतिक संरचनाका रूपमा मात्र बुझ्नु हुँदैन। यो मानिसको स्वास्थ्य, सम्मान र जीवनस्तरसँग जोडिएको विषय हो। खुला दिसामुक्त समाज निर्माण गर्नु मात्रै पर्याप्त छैन, प्रयोगमा रहेका शौचालय पनि सफा, सुरक्षित र व्यवस्थित हुन आवश्यक छ। शौचालयको उचित प्रयोग र दिसाजन्य फोहोरको सुरक्षित व्यवस्थापन हुन नसके विभिन्न सरुवा रोग फैलिने, पानीका स्रोत प्रदूषित हुने र वातावरणीय सन्तुलनमा असर पर्ने जोखिम रहन्छ। त्यसैले शौचालय निर्माणसँगै यसको नियमित सरसफाइ, मर्मतसम्भार र फोहोर व्यवस्थापनमा उत्तिकै ध्यान दिनुपर्छ । नेपालले खुला दिसामुक्त राष्ट्र घोषणा भइसकेको भए पनि व्यवहारमा अझै धेरै सुधार गर्नुपर्ने अवस्था छ । कतिपय ग्रामीण क्षेत्रमा शौचालयको उचित व्यवस्थापन हुन सकेको छैन भने सहरी क्षेत्रमा सार्वजनिक शौचालयको अभाव र भएका शौचालयको कमजोर व्यवस्थापन समस्या बनेको छ । सार्वजनिक स्थल, बजार, बसपार्क, विद्यालय, अस्पताल तथा पर्यटकीय क्षेत्रमा पर्याप्त र सुविधायुक्त शौचालय नहुँदा सर्वसाधारणले सास्ती भोग्नुपरेको छ । विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि सहज पहुँच हुने शौचालय निर्माण र सञ्चालनमा ध्यान दिन आवश्यक छ । स्थानीय सरकारको जिम्मेवारी यस क्षेत्रमा अझ महत्वपूर्ण हुन्छ । प्रत्येक पालिकाले आफ्नो क्षेत्रभित्र सार्वजनिक शौचालयको आवश्यकता पहिचान गरी पर्याप्त संख्यामा निर्माण गर्ने, नियमित सरसफाइको व्यवस्था मिलाउने र सञ्चालन तथा व्यवस्थापनका लागि प्रभावकारी योजना बनाउनुपर्छ । निर्माण गरिएका शौचालय प्रयोगविहीन हुने वा सरसफाइको अभावमा दुर्गन्धित बन्ने अवस्थाको अन्त्य गर्नुपर्छ । शौचालय निर्माण गर्नु उपलब्धि हो भने त्यसलाई सफा, सुरक्षित र प्रयोगयोग्य राख्नु वास्तविक सफलता हो । त्यसैले सरकार, स्थानीय तह, विद्यालय, समुदाय र नागरिक सबैले साझा जिम्मेवारी निर्वाह गरौं । स्वच्छ शौचालयको सुनिश्चितताबाटै स्वस्थ, मर्यादित र सभ्य समाज निर्माण गर्न सकिन्छ ।

Opinion @ Social Network

एक्लै भए पनि सही बाटो छोड्दिन,
सबैले विरोध गरे भन्दै मा सत्य गलत हुदैन..!
(शान्ता गुप्ताको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Gupta)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमुल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

किसानको कथामा प्रतिबिम्बित नेपाली राजनीति



सन्दिप पराजुली

किसानको कथाले नेपाली राजनीतिमा दल र नेताहरूले जनतालाई देखाउने समृद्धिका सपना र सत्ता पाएपछि परिणाम दिन नसकेको यथार्थलाई प्रतिबिम्बित गर्दछ। जसरी किसानले खेतको समस्याको दोष अरूलाई दिएर पन्छिन खोज्छ, त्यसैगरी राजनीतिक दलहरूले पनि अन्तर्राष्ट्रिय परिस्थिति, अघिल्लो सरकार वा कर्मचारीतन्त्रलाई दोष दिँदै जनताको अपेक्षा पूरा गर्न असफल भएका छन्। लोकतन्त्रमा चुनाव जित्नु अन्तिम उपलब्धि नभई जिम्मेवारीको सुरुवात हो र सरकारले आलोचनालाई शत्रुता नठानी जनताको दैनिक जीवनमा आएको सुधारबाट आफ्नो वास्तविक उपलब्धि मापन गर्नुपर्छ।कुनै समयमा गाउँको खेत बूढो किसानका लागि जीवनभरको मेहनत, धैर्य र त्यागको प्रतीक थियो । यही खेतको आम्दानीबाट उसका छोराछोरी हुर्किए । परिवारको सामान्य जीविकोपार्जन भइरहुयो । ३० औं वर्षको खेतीमा किसानले कहिले राम्रो उत्पादन गर्‍यो त कहिले खडेरी र कमजोर बजारको सामना पनि गर्‍यो । तर परिस्थितिलाई दोष दिनुभन्दा धैर्य, योजना, समयानुकूल निर्णय र निरन्तर सुधारलाई महत्व दियो उसले ।

मौसम आफ्नो नियन्त्रणमा नभए पनि खेतीको तरिका बदल्न सकिन्छ र बजार आफ्नो नियन्त्रणमा नभए पनि त्यसअनुसार उत्पादन तथा बिक्रीको रणनीति बनाउन सकिन्छ भन्ने उसको विश्वास थियो । तर समयसँगै उत्पादन र आम्दानी कमजोर हुँदै गयो । किसानको वास्तविक कमजोरी भनेको आफ्ना उत्तराधिकारीको क्षमता र कमजोरी पहिचान गरी त्यसलाई सुधार्ने अवसर नदिनु थियो । उसले उत्तराधिकारीलाई सही निर्णय लिन सक्ने क्षमता विकास गराउनुको सट्टा महत्त्वपूर्ण निर्णयहरू आफैंले गर्दै गयो । यसले उत्तराधिकारीलाई जिम्मेवारी सम्हाल्ने, परिस्थितिको मूल्याङ्कन गर्ने र सही निर्णय लिने अनुभव तथा क्षमताको विकासबाट वञ्चित गरायो । यही कमजोरीको फाइदा उठाउँदै केही स्वार्थ समूहका बाह्य परिचालित व्यक्तिहरू त्यो गाउँमा सक्रिय हुन थाले । उनीहरूको उद्देश्य किसानको समस्या समाधान गर्नु थिएन, बरु कमजोरीहरू देखाएर किसानको परिवारभित्र अविश्वास सिर्जना गर्नु र अन्ततः भूमिमा आफ्नो स्वामित्व स्थापित गर्नु थियो ।

उक्त समूहले किसानको वास्तविक समस्या समाधान गर्ने प्रयास गर्नुको सट्टा विभिन्न किसिमका हल्ला र अफवाह फैलाउन थाले । जस्तै 'अब यो खेतबाट केही हुँदैन', 'बूढो किसानले खेती गर्न सक्दैन', 'उसको तरिका पुरानो भइसक्यो', 'यो खेत अरू कसैले सम्हाले मात्र राम्रो हुन्छ' जस्ता कुरा गाउँमा सुनिन थाले । किसानले वर्षौंदेखि गरेको मेहनत, भोगेको धैर्य र खेत जोगाउन गरेको योगदानलाई बिर्साएर उसका केही असफल वर्षलाई मात्र ठुलो बनाएर प्रस्तुत गर्न थालियो । यही वातावरणबिच एक दिन गाउँमा एउटा नयाँ व्यक्तिको प्रवेश भयो । ऊ सिपालु पाराले कुरा गर्न जान्दथ्यो । उसको बोलीमा आत्मविश्वास थियो, शब्दमा आकर्षण थियो र भविष्यको चम्किलो तस्बिर थियो । उसले गाउँका मानिसहरूलाई भेला पार्‍यो र किसानका छोराछोरीसँग विशेष रूपमा संवाद गर्न थाल्यो । उसले भन्यो, 'अब तपाईंहरूको जीवन बदलिनु पर्छ । पुरानो तरिकाले खेती गरेर कहिलेसम्म बस्ने ? मैले यो खेतलाई आधुनिक बनाउने छु । वैज्ञानिक खेती गर्ने छु । नयाँ प्रविधि भित्र्याएर उत्पादन दोब्बर-तेब्बर बनाउने छु । यही खेतबाट तपाईंहरूको परिवारमा समृद्धि ल्याउने छु ।' यस्तो आश्वासन सुनेपछि, अभावमा हुर्किएका किसानका छोराछोरीका आँखामा आशाको दियो चम्कियो । उनीहरूलाई लाग्यो, अब दुःखका दिन समाप्त हुनेछन् । बूढो किसानले पनि मनमनै सोच्यो, 'सायद मैले जीवनभर गर्न नसकेको काम अब यसले गर्न सक्ने छ । सायद मेरा छोराछोरीले मैले भोगेजस्तो दुःख भोग्नुपर्ने छैन ।' ठूला सपना र मिठा वाचाबिच अन्ततः खेत नयाँ किसानको जिम्मामा पुग्यो । नयाँ किसानले गाउँमा ठुलो घोषणा गर्‍यो, 'अब पुरानो ढर्रा अन्त्य भयो । यो खेत नमुना खेत बन्नेछ । यहाँ आधुनिक कृषि हुनेछ, उत्पादन बढ्नेछ र सबैको जीवन समृद्ध हुनेछ ।' गाउँलेहरूले ताली बजाए । परिवारले नयाँ भविष्यको कल्पना गर्न थाल्यो । केहीले नयाँ किसानलाई परिवर्तनको प्रतीकका रूपमा हेर्न थाले । पुरानो तरिका छोडेर नयाँ बाटोमा हिँड्दा समृद्धि आउने विश्वास बलियो बन्यो । तर समय बित्दै गयो । भाषणको उत्साह बिस्तारै घट्यो र खेतमा उत्पादनको वास्तविक हिसाब सुरु भयो ।सुरुवात मा उत्पादन बढेन । नयाँ किसानले भन्यो, 'जोत्ने गोरुहरू कमजोर रहेछन् ।' परिवारले त्यो कुरामा विश्वास गर्‍यो । तर अर्को वर्ष पनि अपेक्षित उत्पादन आएन ।उसले भन्यो, 'मल राम्रो परेन ।'निरन्तर उसले पानीको समस्या देखायो । त्यसपछि मौसमलाई दोष दियो । कहिले मल त कहिले पानी, कहिले मजदुर त कहिले बजार जिम्मेवार भए । कहिले भने नयाँ किसानले पुरानो व्यवस्थालाई दोष दियो । हरेक पटक नयाँ कारण देखाइए तर परिणाममा बिसको उन्नाइस हुन सकेन ।

अन्ततः एक दिन नयाँ किसानले गम्भीर हुँदै घोषणा गर्‍यो, 'यो खेत नै पहिल्यै बिग्रिएको रहेछ । पुरानो किसानले माटो खराब बनाएर छाडेको रहेछ । मैले त बिग्रिएको खेत सम्हाल्न खोजेको मात्र हुँ ।'परिवारले केही समय उसको कुरा पत्यायो । तर समय सबैभन्दा ठुलो परीक्षक हो । समय बित्दै जाँदा वास्तविकता लुकाउन कठिन भयो । बहाना बढ्दै गए, उत्पादन बढेन । खर्च बढ्दै गयो, आम्दानी बढेन । ऋण बढ्दै गयो, तर लेस मात्र पनि समृद्धिको संकेत देखिएन । वाचा धेरै थिए, उपलब्धि कम भयो । भाषणमा खेत हराभरा देखिन्थ्यो, तर वास्तविक खेतमा बाली कमजोर हुँदै गइरहेको थियो ।एक दिन परिवारका एक सदस्यले साहस गरेर सोध्यो, 'हरेक पटक नयाँ कारण किन आउँछ ? समस्या खेतमा मात्र हो कि खेती गर्ने तरिकामा ?' अर्को सदस्यले थप्यो, 'मौसम, मल, पानी र बजारको आफ्नै भूमिका होला । तर हरेक असफलताको दोष अरूलाई दिएर किसानको जिम्मेवारी पूरा हुन्छ र ?'किसान परिवारमा यस्तो पीडादायी अवस्था आयो कि उनका एक छोराले आत्महत्याको प्रयास गरे । त्यस प्रश्नपछि घरमा सन्नाटा छायो ।बूढो किसान केही समयसम्म चुप लागेर खेततिर हेरिरहुयो । उसको अनुहारमा अन्योल मिश्रित आवेग थियो । अन्ततः उसले भन्यो, 'मैले खेत दिँदा तिमीहरूलाई जमिन मात्र दिएको होइन । तिमीहरूको भविष्यको आशा पनि सुम्पिएको थिएँ ।'त्यो वाक्यले परिवारलाई झनै गम्भीर बनायो । उनीहरूले एउटा महत्त्वपूर्ण सत्य बुझे, सपना देखाउनु र सपना पूरा गर्नु एउटै कुरा होइन । सपना देखाउन सजिलो हुन्छ । केही आकर्षक शब्द, ठुला योजना र आशावादी भाषणले मानिसलाई प्रभावित गर्न सकिन्छ । तर वास्तविक परिवर्तन त्यात्रो मेहनत, सही नीति, स्रोतको उचित व्यवस्थापन, निरन्तर अनुगमन र जिम्मेवारी चाहिन्छ । वाचा गर्न एक क्षण लाग्छ, तर वाचा पूरा गर्न वर्षौंको परिश्रम चाहिन्छ ।यही किसानको कथा नेपालको राजनीतिसँग जोडेर हेर्दा अझ अर्थपूर्ण महसुस हुन्छ ।नेपालमा राजनीतिक दल र नेताहरूले जनतालाई पटक(पटक समृद्धि, रोजगारी, सुशासन, विकास र परिवर्तनका सपना देखाएका छन् । जनताले पनि नयाँ अनुहार, नयाँ विचार र नयाँ नारामा आफ्नो भविष्य खोजेका छन् । लामो समयदेखि बेरोजगारी, गरिबी, असमानता र राजनीतिक अस्थिरता भोगिरहेका मानिसहरू परिवर्तनको आशा गर्नु स्वाभाविक हो । तर सत्ता प्राप्त गरेपछि एउटै प्रश्न बारम्बार उठने गर्छ- परिणाम कहाँ छ ?जनतालाई भाषण होइन रोजगारी चाहिएको छ । नाराभन्दा महँगीबाट राहत चाहिएको छ । कर्मचारीतन्त्रको जटिलता हुन सक्छ । विपक्षी दलको अवरोध हुन सक्छ । तर यी सबै बिच वर्तमान बेथितिको मूल जिम्मेवार सरकार नै हुन्छ ।किसानले मौसम नियन्त्रण गर्न सक्दैन, तर मौसमअनुसार खेती गर्न सक्छ । खडेरी रोक्न सक्दैन, तर सिँचाइको योजना बनाउन सक्छ । असिनालाई रोक्न सक्दैन, तर जोखिम कम गर्ने उपाय अपनाउन सक्छ । त्यसैगरी सरकारले विश्व अर्थतन्त्र, अन्तर्राष्ट्रिय बजार वा प्राकृतिक विपत्ति नियन्त्रण गर्न नसके पनि त्यसअनुसार नीति बनाउन सक्छ । राजनीतिको सबैभन्दा ठूलो व्यङ्ग्य यहीं देखिन्छ । सरकार बदलिन्छ, अनुहार बदलिन्छ, नारा बदलिन्छ, घोषणापत्र बदलिन्छ र भाषणको शैली पनि बदलिन्छ । तर जनताको जीवनमा ठोस परिवर्तन आएन भने प्रश्न भने प्रश्न उही दोहरिन्छ (परिवर्तन कहाँ भयो ?लोकतन्त्रमा चुनाव जित्नु अन्तिम उपलब्धि होइनह त्यो जिम्मेवारीको सुरुवात हो । जनताले आफ्नो मतमार्फत सरकारलाई निश्चित समयका लागि शासन गर्ने अधिकार दिन्छन् । त्यो अधिकारसँगै ठुलो जिम्मेवारी पनि आउँछ । त्यसैले जनताले सरकारसँग प्रश्न गर्नु सरकारविरोधी गतिविधि होइन । बरु प्रश्न गर्ने नागरिक नै लोकतन्त्रका आधार हुन् ।सरकारले पनि आलोचनालाई शत्रुता ठान्नु हुँदैन । किसानले आफ्नो खेतको बाली हेरेर कहाँ कमजोरी भयो भनेर जाँच गरेजस्तै सरकारले पनि आफ्नो कामको मूल्याङ्कन गर्न सक्नुपर्छ । तथ्याङ्क हेर्नुपर्छ, आलोचना सुन्नुपर्छ, गल्ती स्वीकार गर्नुपर्छ र आवश्यक परे नीति परिवर्तन गर्नुपर्छ । किनकि अन्ततः जनताले आफ्नो दैनिक जीवनबाट सरकारको मूल्याङ्कन गर्छन् ।छोराछोरीले राम्रो शिक्षा पाए कि पाएनन् ? बिरामी हुँदा सहज उपचार पाए कि पाएनन् ? युवाले रोजगारी पाए कि पाएनन् ? किसानले आफ्नो उत्पादनको उचित मूल्य पाए कि पाएनन् ? सडक र पूर्वाधारको अवस्था सुधि कि सुधिन ? सरकारी कार्यालयमा सेवा लिन अझै महिनौं धाउनुपर्छ कि प्रक्रिया सरल भयो ? बजारमा घर चलाउन सहज भयो कि झन् कठिन ? यी प्रश्नहरूको उत्तर नै सरकारको वास्तविक उपलब्धि हो ।त्यसैले बूढो किसानको अन्तिम भनाइ निकै सान्दर्भिक छ, 'खेत आफ्नो भएपछि बहाना होइन, उत्पादन चाहिन्छ । जिम्मेवारी पाएपछि आरोप होइन, जवाफदेहिता चाहिन्छ । अनि जनताको विश्वास पाएपछि परिणाम चाहिन्छ ।'नेपालको राजनीतिक यात्रामा पनि अब मुख्य परीक्षा यही हो । कसले सबैभन्दा ठुलो सपना देखायो भन्ने होइनह कसले जनताको जीवनमा वास्तविक सकारात्मक परिणाम ल्याउन सक्यो भन्ने हो । परिवर्तनको मूल्य नाराको उचाइले होइन, नागरिकको जीवनमा आएको सुधारले निर्धारण गर्छ । राजनीति पनि अन्ततः खेतीजस्तै हो । बीउ रोपेर मात्र बाली फल्दैन । त्यसलाई पानी दिनुपर्छ, गोडमेल गर्नुपर्छ, रोगबाट जोगाउनुपर्छ र समयअनुसार आवश्यक निर्णय लिनुपर्छ । त्यसैगरी सरकार गठन गरेर मात्र देश बदलिँदैन । सही नीति, इमानदार कार्यान्वयन, सक्षम नेतृत्व, पारदर्शिता र निरन्तर जवाफदेहिता आवश्यक हुन्छ ।जनताले सरकारलाई सपना बेच्न होइन, सपना पूरा गर्ने जिम्मेवारी दिएका हुन् । त्यसैले अब राजनीतिको सफलता फेसबुकको स्टयाटसमा होइन, जनताको जीवनमा देखिनु पर्छ । घोषणापत्रका पानामा होइन, खेतको उत्पादनमा देखिनुपर्छ । सरकारी तथ्याङ्कमा मात्र होइन, घरको चुलोमा अनुभूत हुनुपर्छ ।अन्ततः बूढो किसानको खेतले हामीलाई सरल तर गहिरो पाठ सिकाउँछ विश्वास पाउनु ठुलो कुरा हो, तर त्यो विश्वासलाई परिणाममा बदल्नु झन् ठुलो जिम्मेवारी हो । किनकि जनताले धेरैपटक सपना देख्न सक्छन्, धेरैपटक विश्वास गर्न सक्छन् र नयाँ नेतृत्वलाई अवसर पनि दिन सक्छन् । तर प्रत्येक अवसरसँगै एउटा प्रश्न अवश्य आउनेछ- वाचाको उज्यालो हाम्रो जीवनमा कसरी प्रतिबिम्बित भयो ?-**रातोपाटी डटकम**

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२२३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१९९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५५५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५५५५७, ५५५५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिकेन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिट्रेक अस्पताल ५४१०७०
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१४

एम्बुलेन्स सा.
रोटरी क्लब बुटवल ०७१-५४६६००
लियो क्लब अप बुटवल ०७१-५४१८२३
रेडक्रस भैरहवा०७१-५२०८६३
रेखुकाई भैरहवा ०७१-५२६७७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०८००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो ९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१७५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस वेब्दा ०७१-५४७७९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१९९६४
न्यु एकता क्लब तानसेन : ०७५-४२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७३५
रामपुर टे इन्स्टी :९८५७७२२४७,९८५७०६७०४

दैनिक राशिफल

मेष : नयाँ मानिससँग चिनजान बढ्नेछ। कुरा सीधा राख्दा लेनदेन सहज हुनेछ।
वृष : पैसाको हिसाब मिलाउन सकिनेछ। घरमा तपाईको निर्णयलाई साथ मिल्नेछ।
मिथुन : कामको बाटो फराकिलो बनाउनेछ। प्राविधिक काम सहजै अघि बढ्नेछ।
कर्कट : आर्थिक बोझ घट्नेछ। निद्रा पूरा गर्नु स्वास्थ्यका लागि राम्रो हुनेछ।
सिंह : काममा आत्मविश्वास कम हुने छैन। तपाईको निर्णयलाई सम्मान गर्नेछन्।
कन्या : कामको तरिका सुधारले समय जोगाउनेछ। नयाँ सीप सिक्ने रुचि बढ्नेछ।
तुला: सम्बन्धमा रहेको दूरी घट्नेछ। साझेदारीको काममा प्रस्ताव आउन सक्छ।
वृश्चिक : परिवारको जिम्मेवारी सम्हाल्नु पर्नेछ। अरुको दबाब नलिनु राम्रो हुन्छ।
धनु : कामले ध्यान तान्नेछ। यात्रामा उपयोगी व्यक्तिसँग भेट हुन सक्छ।
मकर : जिम्मेवारीमा क्षमता देखिनेछ। कामको परिणामले आत्मविश्वास बढाउनेछ।
कुम्भ: प्रविधिले काम सजिलो पार्नेछ। चिनजानबाट उपयोगी खबर आउनेछ।
मीन : कलाको काममा मन लाग्नेछ। शरीरले मागेको आराम पूरा गर्नुहोस्।



निबन्ध — लक्ष्मीप्रसाद देवकोटा

क्लासिक निबन्ध : गधा बुद्धिमान् कि गुरु ?



संसारमा ज्यादा अपहेलित जन्तुहरू उपर सहानुभूति बराबर उम्लेर आउनु स्वाभाविकै कुरा हो र जुगानुजुग बोधोपनको प्रतिनिधि सम्झिएको जनावरलाई देखेर आज मेरो फदयमा अनौठो दया उत्पन्न भइरहेछ ।

जब गुरुले मलाई गाली गर्नुहुन्थ्यो तब यही चौपायाको नाम दिएर मेरो नूर गिराउनुहुन्थ्यो र सहपाठीहरूको खिसीट्यूरीको मर्मभेदी क्रूरता फदयमा विझन जान्थ्यो । कुनै-कुनै मानिस त भन्दछन् कि यसको नाम लिए दिनभरिको धर्म पनि जान्छ रे जब मानिसले काम बिराउँछ तब हरेक मालिक यही उपाधिभन्दा राम्रो केही देख्दैन, जसले आनो सेवकलाई शरम र आत्मनिन्दाको भाव उठाउन सकोस् । अंग्रेजीमा गधाजस्तो बोधो भन्ने उखानै छ, तर हिन्दूहरू अरू ज्यादा अवहेलनाको तीव्रता देखाएर 'गधा' भन्ने शब्द अदृश्य विस्मय-चिह्नका साथ नाराजको मुखारबिन्दबाट प्रयोग गर्दछन्, मानौं 'गधाजस्तो बोधोपन' पनि हुँदैन ।अनि म सम्झन्छु शेक्सपियर, जसको सहानुभूति सबभन्दा चौडा र कोमल थियो । उनले 'मिड समर नाइट्स ड्रीम' भन्ने नाटकमा निकबटमलाई हास्यपात्र बनाउँदा गधाको टाउको लगाइदिएका छन् ।यस्तो उपहास र अवहेलनाका पात्रहरूमा सहानुभूति राख्नु मानवस्वभावको लक्षण भए तापनि आजसम्म कुनै लेखक या कविले यस निर्दोष सहनशील जनावरउपर दयाको फदय नदेखाएको हुनाले मेरो क्षु 'कलमद्वारा सकभर यस दयनीय पात्रको समर्थन गरूँ भन्ने विचारले आज कलम उठाइरहेछु ।तर बस ' मान्छेका स्मृति कति कमजोर हुन्छ । के ष्टिभेन्सनसाहेबले 'गधासँगको सफर' मा मोडेस्टिनउपर प्रचुर सहानुभूति प्रदर्शन गरेका छैनन् र ? मैले गधाको साथ भ्रमण गरेको छैन, ती अनुभवहरू मेरा निमित्त असम्भव छन् किनकि म कट्टर सनातनी हिन्दू उपाध्याय ब्राह्मणलाई गधा छुनुसम्म पनि निषेध ।तर सनातनी धर्ममा जत्तिकै क्षु' र पतित जन्तुहरू उपर अवहेलनाको दृष्टि देखिए पनि म जान्दछु कि हाम्रा ऋषिहरू फदयशून्य थिएनन् र कृष्णजी जस्ताको वाक्यमा गधा, बाहुन, कुकुर, चाण्डाल, कुन्नि के के हुन् समता राख्छन् रे भन्ने पाउँदा मलाई गधाको उपर सानो व्याख्यान छाँट्न आश्वासन मिल्यो, सनातन धर्मउपर श्रद्धा प्रादुर्भाव भएर ।म सोच्तछु कि हामी चलाक हुन खोज्ने मान्छेहरू के वास्तवमा चलाक छौं र ? बुद्धिमत्तामा दावा राख्न चाहनेहरू वास्तवमा बुद्धिमान् छन् त ? मानवमगजको चातुरी बेकाममा खेर गएजस्तो लाग्छ र दुनियाँमा सच्चा गधा (मानव-प्रयोगको अर्थमा) तिनीहरू नै हुन्छन् जो आफूलाई ज्यादा बुद्धिमान ठान्दछन् ।सभ्यताको दौडधूपले मनुष्यलाई चौपायाभन्दा तल गिराएजस्तो प्रतीत हुन्छ र प्राकृतिक अवस्थाबाट कृत्रिममा पदार्पण गरेर चक्कराउनु नै सभ्य जनावरहरूको बुद्धिमत्ता ठहर्याइन्छ ।सभ्य संस्थाहरूको कारीगरीले मानव-बुद्धि हरहमेशा महती समस्या उठाएर चक्करमा परेझैं हरहमेशा देखिइरहेकै छ र हामी जातिनाशका त्रासहरूमा आइपुगिसक्यौं ।जब गधाहरूको नैसर्गिक बुद्धि ठेगानामा रहेर आनन्दसँग आनो क्रिया गर्दैछ, तब हामी गधाहरूभन्दा कति बुद्धिका कक्षामाथि चढ्यौं भन्ने विषय विचार गर्दा, मलाई ती गाली गरिने नामका चौपायाहरू अगाडि घमण्डको ठाडो शिर झुकाउनै पर्दछ ।गधा गुरु मानेको भए मेरो दुनियाँमा यत्रो आत्मपतन हुने थिएन, तर मेरो गुरुजीले मलाई यस्ता शिक्षाहरू दिनुभयो, जसले अनन्तको मगजमा बोझा पर्दछ र मानवजाति भूलभुलैयाहरूको अँधेरी चक्करमा घुम्दै हराउँछ ।रौंचिरा भेदहरूले बाँध लगाइएका हाम्रा शास्त्रहरूले मान्छेलाई आखिरमा बेकम्मा बनाउँदा रहेछन् भन्ने कुरा त्यस बेला मैले बुझें, जब तिर्मिराउँदा आँखाहरू अन्धा भएर काला अक्षरका अत्याचारमा मानवआत्मा प्राकृत सत्यको अभावले समुचित हुन लाग्यो ।मानवदर्शनहरू भुमरी खेल्दैछन् तर प्रकृतिको सीधा सत्य ताजा हावमा झल्किरहेछ । मैले गुणन र भागहरूले के पाएँ जब म पढाइ र अन्वेषणको पछारमा खालि शून्यता र अन्धकारको कालो कुइरो मात्र पाउँछु 'मलाई यस्तो लाग्यो कि संसार नबुझ्नु नै ज्यादा हो र विद्वत्ता, पाण्डित्य भनेको त्यस मूर्खताको नाम हो, जसले खालि शब्दाडम्बरको तुरही दुनियाँमा बजाउँछ । हामीले बेत खायौं, गधाको उपाधि पायौं र थुकियौं, तर हाम्रा गुरुजीले हामीलाई कति गधाजस्तो बनाइरहनुभएको थियो, त्यो जान्ने या त हृदयभित्रको आत्मा होला, या स्वर्गमाथिको परमेश्वर ।मलाई यस्तो लाग्दछ कि मानवजाति संसारभरको अन्धो र अभागी जाति हो । ऊ ज्ञान खोज्दछ र हरहमेशा अज्ञानमा रहन्छ र साधारण विवेक छाडेर कुकुरकै पुच्छर सोझ्याउने काममा लाग्दछ ।मानिसले ज्ञानको वृक्षको तीतो फल चाखेर धूर्तता जान्यो, तर के फाइदा भयो ? हामी अन्तःकरणको टुङ्ग्याइमा हरहमेशा रहन्छौं भने अन्तःकरण पाउनु नै कर्तव्याकर्तव्यको नाटीकुटी बढाउनु नै के हाम्रो भस्माभुटीको चिह्न होइन ?घाँस खानेले प्रकृतिको पथ छोडेन, तर अन्न खाने पाप र धर्मका उपर रौं केलाइ गर्दा,गर्दै अधमुण्टो लागेर नरकमा हामफाल्दो छ । संसारमा धनको लोभ गर्ने मानिसको शिरमा चक्र घुमिरहेछ ।तर निरूत्तरदायित्वको मजा चाख्ने बुद्धिमान् आनन्दसँग झोकिएर बीचबीचमा मानवजातिका सभ्यतालाई हँस्सी उडाउने 'ही ही ह ह ' को शब्दको स्वतन्त्र उद्गार गरिरहेछ ।उसलाई यसराजले दण्ड दिने बाटो छैन, चित्रगुप्तले बहीखाता पल्टाएर सोध्ने कुरा छैनन् । तर को बुद्धिमान् ? दुनियाँ मगजमा बोझा बोक्ने र सहज बुद्धि त्यागेर अन्तःकरणको दर्शन स्वीकार गर्ने मानव कि निरूत्तरदायी सन्तोषमा बेदर्शनी अन्तःकरणशून्यताको वरदान प्रकृति र परमेश्वरसँग माग्ने, हाम्रा बुद्धू ठानिएका चारखुट्टे दार्शनिक 'हामी असन्तुष्ट विद्यार्थीहरू गुरुजीसँग नम्र प्रश्न गर्दछौं- हाम्रो मानव नाटीकुटी र अनन्त वेदनाको तीनपुछ्रेशास्त्र गधाभन्दा कति उपर होलान् ? के त्यो दार्शनिक होइन जो मानवसेवा गर्दछ, तर पछिलाई कुमारीचोकको बहीखाता राख्तैन, जो प्रकृतिको नदेखिने औंलाको इशाराले हिँड्न जान्दछ र शिरमा भैंचाले धरापको चक्कर नराखेर रौरव र गौरव दुवैबाट बच्तछ । **-साहित्यपोष्ट**

मैले गुणन र भागहरूले के पाएँ जब म पढाइ र अन्वेषणको पुछारमा खालि शून्यता र अन्धकारको कालो कुइरो मात्र पाउँछु 'मलाई यस्तो लाग्यो कि संसार नबुझ्नु नै ज्यादा हो र विद्वत्ता, पाण्डित्य भनेको त्यस मूर्खताको नाम हो, जसले खालि शब्दाडम्बरको तुरही दुनियाँमा बजाउँछ । हामीले बेत खायौं, गधाको उपाधि पायौं र थुकियौं, तर हाम्रा गुरुजीले हामीलाई कति गधाजस्तो बनाइरहनुभएको थियो, त्यो जान्ने या त हृदयभित्रको आत्मा होला, या स्वर्गमाथिको परमेश्वर ।मलाई यस्तो लाग्दछ कि मानवजाति संसारभरको अन्धो र अभागी जाति हो ।

समीक्षा — नारायणी शर्मा

उपन्यास 'अमरामृत' को कथासार





बहुमुखी प्रतिभाका धनी व्यक्तित्व पुष्कर अथक रेग्मीले नेपाली साहित्यका सबैजसो विधाहरूमा सफलतापूर्वक कलम चलाउँदै आएका छन् । स्थानीयदेखि राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा साहित्य, शिक्षा र समसामयिक विषयवस्तुमा समीक्षात्मक लेख तथा रचनाहरू प्रकाशित गर्दै आएका प्रयोगवादी धाराका साहित्यकार रेग्मीले गीति उपन्यास अफसोस (२०५७), अस्तित्व (२०८०)प्रकाशित गरी अमरामृत (२०८२) प्रकाशित गरेका छन् भने उनको जम्माजम्मी प्रकाशित कृति संख्या २८ वटा रहेको छ ।नेपाली साहित्यमा ऐतिहासिक उपन्यास लेखनको परम्परालाई आत्मसात् गरी उपन्यासकार पुष्कर अथक रेग्मीले ऐतिहासिक उपन्यास 'अमरामृत' प्रकाशन गरेका हुन् । रेग्मीको यो उपन्यास नेपालको राणाकालीन शासन व्यवस्था, दरबारभित्रको षड्यन्त्र, पारिवारिक द्वन्द्व, सामाजिक तथा धार्मिक अवस्था, तत्कालीन राजनीतिक क्रियाकलाप , प्रेम, समर्पण , स्मृति र आध्यात्मिक चिन्तनका रूपमा प्रस्तुत भएको छ । ऐतिहासिक घटनाक्रमअनुसार उपन्यासमा प्रधानमन्त्री जंगबहादुर राणादेखि खडकशमशेर जबराको मृत्युसम्मका घटना समेटिएका छन् । समग्रमा भन्नुपर्दा उपन्यास पाल्पा गौडाका तात्कालिन प्रमुख खड्गशम्सेर जबराको जीववृत्तमा आधारित छ । बालनरसिंह कुँवरकी कान्छी पत्नी गणेशकुमारीले अर्घाखाँचीको मथुरा जंगलमा सात महिनामै जंगबहादुर कुँवरलाई जन्म दिएसँगै उपन्यासको कथा सुरु हुन्छ । बाल्यकालदेखि नै जंगबहादुर अनौठो लक्षण , हक्की स्वभावका सौखिन हुदै निडरतापूर्वक साहसिक कार्य गर्दै जाँदा एक दिन नेपालको प्रधानमन्त्री बन्न सफल हुन्छन् । किन र कसरी उनी प्रधानमन्त्री बन्छन्, ती घटनाक्रम पनि उपन्यासभित्र समेटिएका छन् । भण्डारखाल पर्वपछि उनी झन् शक्तिशाली हुन्छन् । दरबारमा किचलो भइरहन्छ। उनी विदेश पनि जान्छन् । बेलायत भ्रमण गरेर फर्कन्छन् । उनको हत्या गर्ने योजना बन्छ तर उनी त्यसबाट पनि बच्छन् र विरोधी भाइहरूलाई पन्छाउदै शक्तिशाली प्रधानमन्त्री बनिरहन्छन् ।

समयको क्रमसँगै उनका ४२ वटा रानी हुन्छन् । अन्ततः शक्तिशाली जंगबहादुर कुँवर निरीह अवस्थामा सिकार खेल्न जाँदा स्वर्गवासी हुन्छन् । जंगबहादुर कुँवरको मृत्युपश्चात् नेपाल दरबारमा त्रिकोणात्मक द्वन्द्व सुरु हुन्छ। नेपाल दरबारमा रणोद्दीपसिंह,जगतज र धीरशमशेरबीच खिचातानी हुन्छ । शक्तिको लागि हानाथाप हुन्छ । अचानक धीरशमशेरको मृत्यु हुन्छ। धीरशमशेरको मृत्युपछि उनका सत्र भाइ छोराहरू निरीहजस्ता देखिन्छन् । जगतजंगको बोलबाला र शक्ति बढ्दै जादा यो कुरा खडकशमशेर, डम्बरशमशेर,वीरशम्सेर लगायत धीरशमशेरका पुत्रहरूलाई सह्य हुँदैन। खड्गशम्सेरले आनै काका प्रधानमन्त्री रणोद्दीपसिंहको हत्या गर्छन् । जगतजंग लगायत धेरै जंग खलकको हत्या हुन्छ ।हत्याका मुख्य योजनाकार खडकशमशेर भण्डापनि श्री ३ को पगरी लगाइ प्रधानमन्त्री भने वीरशम्सेर हुन्छन् ।वीरशम्सेर भाइ खडगशम्सेरसंग डराइ षडयन्त्रको तानाबाना बुनी भाइ खडगलाई उपत्यका बाहिर निर्वासनमा पठाउँछन् । अर्घाखाँचीको ठाडा बनमा खडगले दुर्दिन भोग्दै जान्छन। केही वर्ष ठाडामा बसेपछि उनी पाल्पा गौंडा पठाइन्छन्। पाल्पा गौंडामा आएपछि पारिवारिक रूपमा उनलाई केही सन्तोष र शान्ति मिल्छ। पाल्पामा उनले विभिन्न विकास निर्माणका योजनाहरू पनि लागू गर्छन्। आफ्नी प्यारी कान्छी रानी तेजकुमारीलाई औधी माया गर्ने खडकशमशेरले एक दिन रानीलाई गुमाउँछन् । रानीको इच्छाबमोजिम उनले रानीकै स्मृतिमा कालीगण्डकीको तीरमा 'रानीमहल' बनाउँछन्। रानीमहल किन, कस्तो र कसरी बनाइयो ? कालीगण्डकीको महात्म्य के छ ? घटनाक्रम के हो? भन्ने जस्ता कुराहरू 'अमरामृत' उपन्यासभित्र लेखकले सुन्दरदर क्रमबद्ध ढङ्गले पस्केका छन् । उपन्यासभित्र नाभीदर्शिनी शीर्षकमा खडकशम्सेर र तेजकुमारीको प्रथम भेट र प्रेमालाप देखाइएको छ । कालीगण्डकी किनार र रानीको मृत्यु पछिको कल्पनामा समेत रोमाञ्चक प्रेमालाप रहेका छन् ।

पाल्पामा रहँदा बस्दा खडक शमशेरले लुम्बिनीको उत्खनन गरी अशोक स्तम्भ पत्ता लगाउँछन् र नेपालेलाई विश्वसाम् चिनाउँछन्। वीर शमशेरको मृत्युपछि चन्द्र शमशेर नेपालका प्रधानमन्त्री हुन्छन् । यो खबर सुनेपछि खडक शमशेर मुर्मुरिन्छन् र चन्द्र शमशेरविरुद्ध षड्यन्त्र रच्न लाग्छन् । चतुर चन्द्र शमशेरले खडक शमशेरलाई कार्वाही गर्ने गोप्य योजना थाहा पाएर उनी पाल्पा छाडेर भाग्छन् । उनलाई नेपालको सिमानामा बस्न दिईदैन । त्यसपछि उनी भारत पुग्छन् र सागरमा बसोबास गर्छन्।पछि खडक शमशेरका छोराछोरीहरू पनि त्यहीं पुग्छन् । जेठी रानी नन्दकुमारी पनि त्यहीं पुग्छिन् र उनीहरू सबैले आफ्नो बाँकी जीवन त्यहीं बिताउँछन् । उनले आफ्नो इच्छा र सोखअनुसार सागरमा बस्दा पनि नेपाली शानका साथ एक दरबार बनाउँछन्, जसलाई 'नेपाल दरबार' भनियो । उनको जीवनको उत्तरार्द्धतिर चन्द्र शमशेरसँग एकपटक भेटघाट पनि हुन्छ। चन्द्र शमशेरले आफूलाई कुनै खतरा नहुने ठानी खडक शमशेरलाई नेपाल फर्कन अनुरोध गर्छन्, तर खडक शमशेर जान मान्दैनन्। त्यसपछि चन्द्र शमशेरले खडक शमशेर लगायत उनका सम्पूर्ण परिवारलाई राजकीय सुविधा प्रदान गर्छन्। खडक शमशेरले आनो जीवनको बाँकी समय धर्मकर्ममा बिताउँदै रामायण, महाभारत र गीताको अध्ययन गर्छन्, बुद्ध दर्शनबाट ज्ञानार्जन गर्छन् र नेपोलियन बोनापार्टको जीवनी पुनः पढेर सबै कुरा गहिरोसँग आत्मसात् गर्छन् । प्रारब्ध (भाग्य) को खेललाई पनि उनले राम्ररी मनन गर्छन् । उनको जीवनको अन्तिम समय आइसकेको थियो। त्यस बेला उनी आफ्ना मातापिता, जंगबहादुर राणा, वीर शमशेर, चन्द्र शमशेर, जगतजंग तथा काका रणदीप सिंह-सबैलाई सम्झन्छन् र उनीहरूसँग मौन रूपमा मानसिक संवाद गर्छन्। उनी रानीमहल, लुम्बिनी र नेपाल दरबार-सबैसँग कुराकानी गर्छन्। त्यही बेला उनको आँखामार्फत प्रिय रानी तेजकुमारीको स्मृति झलझली आउँछ। तेजकुमारीसँग संवाद गर्दै जाँदा-जाँदै अन्ततः उनको प्राणपखेरु उड्छ।

यसरी, खडक शमशेरको जन्मदेखि मृत्युसम्मको कथावस्तुलाई समेटेर ऐतिहासिक उपन्यास 'अमरामृत' लेखक पुष्कर अथक रेग्मीद्वारा तयार पारिएको हो। यस उपन्यासमा खडक शमशेर पूर्वका विषय प्रसंगहरू पनि समेटिएका छन् । यसमा जङ्ग बहादुर र रणोद्दीपसँग जोडिएका घटनाहरू, पाल्पा-अर्घाखाँची क्षेत्रका कथा, रानीमहलको वर्णन, कालीगण्डकीको महात्म्य, दरबारभित्रका क्रियाकलापहरू, हत्या, हिंसा र षड्यन्त्रका गन्धहरूकासाथै दरबारभित्रका सुसारे र मैयाहरूको चर्तिकलालाई समेत उजागर गरिएको छ। उपन्यास खडगशम्सेरको जीवनमा आधारित भएतापनि यसभित्र रानी तेजकुमारी र रानी नन्दकुमारीको कथा छ । जंगबहादुरको बाल्यकालको कथा छ । राजा राजेन्द्र सुरेन्द्र र गीर्वाणको कथा छ । राजमाताको कथा छ । दिदीबहिनी र सौतासौतिको कथा छ । दाजुभाइ मुटु खाइ भन्ने उखान चरितार्थ भएको कथा छ । समग्रमा भन्नुपर्दा नेपालको इतिहासको कथा छ । यस प्रकारले नेपाली इतिहासको ऐतिहासिक कथाक्रमलाई आख्यानात्मक शैलीमा र सरल ढंगले प्रस्तुत गर्दै लेखक पुष्कर 'अथक' रेग्मीले यसलाई केवल एक सामान्य उपन्यास मात्र नबनाई तथ्य कथ्य सहितको ऐतिहासिक उपन्यास बनाएका छन् । सम्बादहरू समेत सशक्त उठान गरेका छन् । मैले उपन्यास प्राप्त गरेपछि एकसुरले एकपटक पढेर यी कुराहरू कथासारको रूपमा लेखेकी हुँ । आगामी दिनमा उपन्यासको अझ गहन अध्ययन गरेर अझ विशिष्ट किसिमले चर्चा गर्ने प्रयास हुनेछ । उपन्यासलाई मूल कथातत्वको आधारमा , सम्वादको आधारमा , रसहरूको आधारमा, उपकथाहरूको आधारमा , लघुकाव्य प्रयोगको आधारमा लगायत विभिन्न दृष्टिकोणबाट अध्ययन गरी समालोचना गर्न सकिन्छ । खड्गशम्सेर र रानी तेजकुमारीको अमर प्रेम कथा सहित रानीमहलबारे चासो राख्ने सबैका लागि उपन्यास अमरामृत अति नै पठनीय कृतिको रूपमा रहेको छ । उपन्यासकार रेग्मीलाई कृतिगत सफलताका लागि शुभकामना ।

आज अन्तर्राष्ट्रिय पुरुष दिवस मनाइँदै



पाल्पा, मंसिर २/ पुरुषको स्वास्थ्य, समानता, सकारात्मक भूमिका र योगदानको सम्मान गर्दै आज (नोभेम्बर १९) विश्वभर अन्तर्राष्ट्रिय पुरुष दिवस मनाइँदैछ । परिवार, समाज र राष्ट्र निर्माणमा पुरुषले पुऱ्याउँदै आएको योगदानको कदर गर्नुका साथै पुरुषका स्वास्थ्य, मानसिक तनाव, सामाजिक जिम्मेवारी र उनीहरूले भोगिरहेका विभिन्न समस्याबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ ।

हरेक वर्ष नोभेम्बर १९ मा मनाइने यस दिवसले पुरुषको शारीरिक तथा मानसिक स्वास्थ्य, लैङ्गिग समानता, सकारात्मक पुरुषत्व र महिला-पुरुषबीचको आपसी सम्मानलाई प्राथमिकता दिने गरेको छ । पुरुषले परिवारको आर्थिक जिम्मेवारी मात्रै नभई बालबालिकाको हेरचाह, पारिवारिक सम्बन्ध, सामाजिक विकास र सामुदायिक गतिविधिमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । पुरुषहरूमा देखिने उच्च रक्तचाप, मधुमेह, मुटुरोग, क्यान्सरलगायतका स्वास्थ्य समस्या तथा मानसिक तनावप्रति सचेतना फैलाउनु पनि दिवसको महत्वपूर्ण उद्देश्य हो । सामाजिक तथा पारिवारिक अपेक्षाका कारण धेरै पुरुषले आफ्ना समस्या खुलेर व्यक्त गर्न नसक्ने र मानसिक स्वास्थ्यसम्बन्धी सहयोग लिन हिचकिचाउने अवस्था अझै रहेको छ। त्यसैले पुरुषलाई आफ्नो स्वास्थ्यप्रति सचेत हुन, समस्या लुकाउनुको सट्टा समयमै उपचार तथा परामर्श लिन र भावनात्मक रूपमा पनि स्वस्थ रहन प्रेरित गरिन्छ । सन् १९९९ नोभेम्बर १९ मा त्रिनिदाद तथा टोबागोबाट इतिहासका प्राध्यापक डा. जेरोम टेलुकसिङले अन्तर्राष्ट्रिय पुरुष दिवसको औपचारिक सुरुआत गरेका थिए । पुरुषका सकारात्मक भूमिकालाई सम्मान गर्ने, परिवार तथा समाजमा उनीहरूको योगदानको चर्चा गर्ने र पुरुष तथा बालकले भोग्ने समस्यालाई सार्वजनिक बहसमा ल्याउने उद्देश्यले दिवसको सुरुआत गरिएको हो । त्यसयता विभिन्न मुलुकमा यो दिवस मनाउन थालिएको हो ।

खेलकुद समाचार

चितवन राइनोज विजयी



काठमाडौं, मंसिर २/ नेपाल प्रिमियर लिग (एनपीएल) अन्तर्गत एलिमिनेटर खेलमा काठमाडौं गोर्खाजलाई ६१ रनले पराजित गर्दै चितवन राइनोजले क्वालिफायर-२ मा स्थान बनाएको छ । त्रिवि क्रिकेट मैदान, कीर्तिपुरमा चितवनले दिएको २०५ रनको लक्ष्य पछ्याएको काठमाण्डौले ९ विकेट गुमाएर १४३ रनमात्रै बनाउन सक्यो । यसअघि चितवनले ४ विकेट गुमाएर २०४ रन बनाएको थियो ।

चितवनका लागि कामिल मिशारालेे अविजित १२० रन बनाए भने रवि बोपारालेे ५३ रन बनाए । चितवनले अब फाइनल प्रवेशका लागि सुदूरपश्चिम रोयल्ससँग दोस्रो क्वालिफायरमा भोलि प्रतिस्पर्धा गर्नेछ । चितवन राइनोज र सुदूरपश्चिम रोयल्सबीचको खेल आज बेलुका ५ बजे हुनेछ । सोमबार भएको पहिलो क्वालिफायरमा सुदूरपश्चिमलाई हराउँदै लुम्बिनी लाइन्सले फाइनल प्रवेश गरेको छ ।

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम, ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक सोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की बागलुङ जिल्ला सावित धुल्लुवास्कोट गा.वि.स.-८, हाल रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका-८ निवासी भारतिय भू.पू.सैनिक नं. JC 623671 N का Sub ओम बहादुर थापा (ना.प्र.मा ओम बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा रुपा देवी थापा र जन्म मिति सन् १९६६ जनवरी २५ (वि.स.२०२२/१०/१२) र नेपाली नागरिकता प्रमाणपत्रमा रुपा मगनिं ,जन्म मिति वि.स. २०२३/१२/०५ (सन् १९६७ मार्च १८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सावित भुडेवा गा.वि.स.-६ इजाडाँडा,हाल माथागढी गाउँपालिका-४ निवासी भारतिय भू.पू.सैनिक नं. 6363276 P का NK खेम बहादुर थापा (ना.प्र.मा खेमबहादुर दिज्ञा मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा हेमा देवि र जन्म मिति सन् १९६६ मार्च ५ (वि.स.२०२२/११/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा हेमा देवि दिज्ञा,जन्म मिति वि.स. २०१२/०४/२६ (सन् १९५५ अगष्ट १०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सावित विरकोट गा.वि.स.-४, हाल पूर्वखोला गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5450071 A का HAV थर्क बहादुर थापा (ना.प्र.मा थर्क बहादुर बारघरे) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा माया सरा थापा र जन्म मिति सन् १९६५ नोभेम्बर २३ (वि.स.२०२६/०८/०८) र नेपाली नागरिकता प्रमाणपत्रमा मायासरा बारघरे, जन्म मिति वि.स. २०२६/०४/१७ (सन् १९६५ अगष्ट १) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सावित भुडेवा गा.वि.स.-१ अर्खोला, हाल माथागढी गाउँपालिका-४ निवासी भारतिय भू.पू.सैनिक नं. 9413877 F का H/Nb-Sub नारन बहादुर आले (ना.प्र.मा नारन बहादुर आले) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा देवीका सरा मगर र जन्म मिति सन् १९६० अप्रिल ४ (वि.स.२०१६/१२/२२) र नेपाली नागरिकता प्रमाणपत्रमा देविकासरा आले मगर,जन्म मिति वि.स. २०१६/०१/०४ (सन् १९३५ अप्रिल १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मूल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले		अन्य	
डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट	ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१x५ सि.सि.)	प्रति बक्स	रु. १५००/- (२x१० सि.सि.)
राहदानी	रु. ८००/-	प्वाइन्टर	रु. १०००/-

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. ५८/०७५/७५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रामामानी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई